# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय
सुर्खेत

☎ ०८३-५२१९६० 🖷 ०८३-५२३८८४ Ext. ०८३-५२३१७८, ०८३-५२५३७४ ✉ ciaasurkhet@gmail.com


पत्र संख्याः प्रशासन ०७८/०७९
चलानी नं.: ९२०८

मितिः- २०७८/०९/१३

**विषयः निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा ।**

अत्यन्त जरुरी

श्री नगरपालिका तथा गाउँपालिका,
नगर/गाउँ कार्यपालिकाको कार्यालय सबै
(सुर्खेत/दैलेख/जाजरकोट/जुम्ला/सल्यान/रुकुम (पश्चिम)/रुकुम (पूर्वी भाग)/मुगु/हुम्ला/डोल्पा र कालीकोट)।

प्रस्तुत विषयमां अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३१ औं स्थापना दिवस (२०७८ माघ २८) को अवसरमा निबन्ध लेखन प्रतियोगिता आयोजना गरिने भएकोले आयोगको मिति २०७८/०९/१२ गतेको सूचना अनुसार तहाँ नगरपालिका/गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुको सहभागिताका लागि सम्बन्धित विद्यालयहरुलाई सूचना/ जानकारी गराई आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ ।

**तपसिल**

१. **शीर्षकः-"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"**
२. **निबन्धको शब्द सीमाः** निबन्ध २००० देखि ३००० शब्दमा नबढाई लेख्नुपर्नेछ ।
३. **निबन्धको भाषाः-** निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ ।
४. **सहभागी हुन पाउने विद्यार्थीहरुः** कक्षा ९ देखि कक्षा १२ सम्म नियमित अध्ययनरत हुनुपर्ने छ।
५. **प्रतियोगितामा सहभागी हुने प्रक्रियाः-** प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको निबन्ध साथ आफ्नो नामथर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क फोन नम्बर (सम्भव भएसम्म अभिभावकको समेत सम्पर्क नम्बर) उल्लेख गरी विद्यालयबाट आयोगको यस कार्यालयलाई सम्बोधन गरी लेखिएको सिफारिस पत्रसमेत संलग्न गर्नुपर्ने छ।
६. **लेख रचना आइपुग्नुपर्ने अन्तिम मितिः** २०७८ पौष ३० गते कार्यालय समय भित्र लिखित प्रति वा सफ्टकपि यस कार्यालयमा वा यस कार्यालयको ई-मेल ठेगानाः ciaasurkhet@gmail.com मा पठाइ सक्नु पर्नेछ ।
७. २०७८ साल पौष ३० गते भित्र प्राप्त हुन आएका लिखित प्रति वा सफ्टकपीलाई यस कार्यालयमा गठन भएको विज्ञ सम्मिलित मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरिनेछ। मुल्याङ्कन समितिको मूल्याङ्कनका आधारमा प्रथम भएका विद्यार्थीलाई मिति २०७८ माघ २६ गते आयोगको कार्यालय, टंगालमा हुने राष्ट्रव्यापी निबन्ध लेखन प्रतियोगितामा सहभागी गराइनेछ। यसरी राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा सहभागी हुन जाने विद्यार्थी र निजको एक जना अभिभावकलाई काठमाण्डौसम्म जाने आउने बस भाडा र अन्य खर्च आयोगले निर्धारण गरे वमोजिम उपलब्ध हुनेछ।
८. यस कार्यालयबाट प्रथम, द्वितीय र तृतीय हुने १/१ जनालाई क्रमशः रु.१२,०००।–, रु.९,०००।– र रु.७,५००।– एवं सान्त्वना हुने २ जनालाई रु. ५,०००।– का दरले पुरस्कृत गरिनेछ । साथै राष्ट्रव्यापी निबन्ध लेखन प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु.२५,०००।-, रु.१५,०००।- र रु.१०,०००।– का दरले आयोगबाट पुरस्कृत गरिने व्यहोरा समेत जानकारी गराइन्छ।
९. प्रतियोगिता सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयको **फोन नं. ०८३-५२३१७८ र शाखा अधिकृत श्री अनन्त कुमार गौतमको मो.नं. ९८४१६२९७६० मा सम्पर्क गर्न सकिनेछ।**
१०. निबन्ध लेखान प्रतियोगिता सम्बन्धी सूचनाका लागि आयोगको वेवसाईट http://www.ciaa.gov.np/singleNotice/१३२ मा समेत हेर्न सकिनेछ।

श्री शि/शा शाखा विद्यालयहरुलाई जानकारी गराउने।

(भेषराज रिजाल)
नि.कार्यालय प्रमुख (उपसचिव)